नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**

# कृषि उत्पादक मूल्य सूचकाङ्क

*(Agriculture Producer Price Index – APPI)*

## आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक — प्रारम्भिक नतिजा

आधार वर्ष: आ.व. २०६९/७० = १०० (सन् २०१२/१३ = १००)
चौथो त्रैमासिक: बैशाख–असार २०८३
भदौ २०८३ (सेप्टेम्बर २०२६)

| | | | |
|---|---|---|---|
| **187.43**<br>**समग्र सूचकाङ्क (Q4 २०८२/८३)**<br>गत वर्ष: 183.69 | **+2.04%**<br>**वार्षिक वृद्धि दर**<br>गत वर्ष +3.06% | **केरा +13.31%**<br>**सर्वाधिक वृद्धि**<br>फलफूल समूह +7.06% | **चिया −7.11%**<br>**सर्वाधिक गिरावट**<br>भार करिब शून्य (0.003%) |

# विषयसूची

**कार्यकारी सारांश ........ 3**

१. परिचय तथा पृष्ठभूमि ........ 4

२. पद्धति र स्रोत ........ 4

३. मुख्य निष्कर्षहरू ........ 4

३.१ प्रमुख निष्कर्षहरू संक्षेपमा ........ 5

४. समूहगत विस्तृत विश्लेषण ........ 6

५. दीर्घकालीन प्रवृत्ति (आ.व. २०७०/७१ – २०८२/८३) ........ 8

६. नीतिगत सान्दर्भिकता ........ 8

७. सीमा, सावधानी र डाटा गुणस्तर ........ 8

अनुसूची: वस्तुगत विस्तृत तथ्याङ्क (सबै) ........ 9

# कार्यकारी सारांश

राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO) ले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (बैशाख–असार) को लागि **कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI)** को प्रारम्भिक नतिजा सार्वजनिक गरेको छ। यस सूचकाङ्कले कृषकले आफ्नो उब्जनी बजार वा संकलन केन्द्रमा बिक्री गर्दा खेत/फार्म-गेटमै पाउने मूल्यमा आएको परिवर्तन मापन गर्छ । तसर्थ यस सूचकाङ्कको आधार उपभोक्ताले पसलमा तिर्ने मूल्य नभई कृषकको खल्तीमा पर्ने मूल्य अर्थात फार्मगेट मूल्य हो ।

चौथो त्रैमासिकमा समग्र सूचकाङ्क **187.43** विन्दुमा पुगेको छ, जुन अघिल्लो वर्षको सोही त्रैमासिकको 183.69 भन्दा **2.04 प्रतिशत** ले बढी हो। यो वृद्धिदर विगत आठ वर्षकै सबैभन्दा कम हो । गत वर्ष यही त्रैमासिकमा वृद्धिदर 3.06 प्रतिशत थियो भने त्यसअघिका वर्षहरूमा वार्षिक वृद्धिदर औसतमा 5 देखि 10 प्रतिशतसम्म रहेको थियो। यसले कृषि उत्पादनको फार्म-गेट मूल्यमा स्थिरता हुँदै गएको संकेत गर्छ, जुन समग्र खाद्य मुद्रास्फीति नियन्त्रणका दृष्टिकोणले सकारात्मक हो। तर यो स्थिरता सबै वस्तुमा समान रूपमा देखिएको छैन। सबैभन्दा ठूलो भारित समूह **अन्न बाली** (कुल भारको 34.9%) मा 2.46 प्रतिशत वृद्धि भएको छ र यसमा **गहुँ** ले प्रमुख भूमिका खेलेको छ (+2.82%)। दोस्रो ठूलो भार बोकेको **कन्दमूल बाली (आलु)** भने झन्डै स्थिर छ (+0.62% मात्र) । प्रशस्त उत्पादनका कारण आलुको मूल्य थप बढ्न नसकेको देखिन्छ, जसले समग्र सूचकाङ्कलाई तल तान्ने काम गरेको छ।

फलफूल बाली समूहले सबैभन्दा उच्च वृद्धि (+7.06%) देखाएको छ, जसमा **केरा** को मूल्य एक वर्षमै 13.31 प्रतिशतले वृध्दि भएको छ र **लिची** पनि 8.16 प्रतिशतले बढेको छ। यसको विपरित, **चिया (हरियो पत्ती)** को मूल्यमा 7.11 प्रतिशतको उल्लेखनीय गिरावट देखिए तापनि समग्र सूचकाङ्कमा यसको भार अत्यन्त न्यून (0.003%) रहेकाले यसले समग्र प्रवृत्तिमा कुनै तात्त्विक असर पारेको छैन। तरकारी समूहमा पनि मिश्रित प्रवृत्ति देखिन्छ । भिँडी र इस्कुसमा उल्लेख्य वृद्धि भएकोमा भिँडेखुर्सानी र बोडीमा मूल्य घटेको छ।

पशुपन्छी तथा पशुजन्य समूहहरूमा समग्रमा न्यून तर सकारात्मक प्रवृत्ति देखिन्छ । दूध (+1.43%), अण्डा (+2.14%), माछा (+1.34%) र पशु-मासु समूह (+2.11%) मा वृद्धि भएको छ भने ब्रोइलर कुखुराको मूल्य लगभग जस्ताको तस्तै (+0.10%) रहेको छ, जसले व्यावसायिक कुखुरापालन क्षेत्रमा स्थिर आपूर्तिलाई संकेत गर्छ।

नीतिगत दृष्टिले हेर्दा, विशेषतः ठूला भार भएका अन्न र आलुमा फार्म-गेट मूल्यवृद्धि दर उपभोक्ता मूल्य सूचकाङ्क (CPI) भन्दा कम रहनुले कृषकका लागि आम्दानीमा दबाब देखाउँछ । यस प्रतिवेदनले नीति निर्माता, कृषि मन्त्रालय, अनुसन्धानकर्ता, सञ्चारकर्मी र सर्वसाधारण सबैका लागि उपयोगी हुनेगरी तथ्याङ्क, विश्लेषण र तालिकाहरू प्रस्तुत गरेको छ। सम्पूर्ण तथ्याङ्क प्रारम्भिक (Preliminary) भएकाले अन्तिम प्रतिवेदनमा सामान्य संशोधन हुन सक्छन्।

## १. परिचय तथा पृष्ठभूमि

कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI) ले नेपालका कृषकहरूले आफ्ना कृषि तथा पशुजन्य उत्पादन फार्मगेट/खेतबाट बिक्री गर्दा प्राप्त गर्ने मूल्यमा समयक्रममा आउने परिवर्तनलाई मापन गर्दछ। यो सूचकाङ्क राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO) ले त्रैमासिक रूपमा प्रकाशन गर्दछ।

यो सूचकाङ्कको प्रमुख उपयोगहरू निम्न छन्:

- राष्ट्रिय लेखा प्रणालीमा कृषि क्षेत्रको वास्तविक (मूल्य-समायोजित) वृद्धिदर अर्थात् GDP डिफ्लेटर गणना गर्न।
- ग्रामीण घरपरिवारको आम्दानी र जीविकोपार्जनमा आइरहेको मूल्यसम्बन्धी दबाब वा राहत पहिचान गर्न।
- उपभोक्ता मूल्य सूचकाङ्क (CPI) सँग तुलना गरी कृषक र उपभोक्ताबीचको मूल्य अन्तर (मार्जिन) विश्लेषण गर्न।
- कृषि नीति, मूल्य समर्थन कार्यक्रम र खाद्य सुरक्षा योजना तर्जुमामा प्रमाणमा आधारित आधार तयार गर्न।

यस प्रतिवेदनले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (बैशाख–असार) को प्रारम्भिक नतिजा समेटेको छ र यसलाई विगत १३ वर्षको (आ.व. २०७०/७१ देखि २०८२/८३ सम्मको) सोही त्रैमासिकको प्रवृत्तिसँग तुलना गरिएको छ।

## २. पद्धति र स्रोत

- आधार वर्ष: **आ.व. २०६९/७० = १००** (सन् २०१२/१३ = १००)।
- परिधि: **१२ प्रमुख वस्तु-समूह** (अन्न, कन्दमूल, दाल, फलफूल, तरकारी, मसला, अन्य बाली, पशु, पन्छी, माछा, दूध, अण्डा) अन्तर्गत ४५ भन्दा बढी कृषि उपजहरू समावेश।
- भारांक (Weight): प्रत्येक वस्तुको कुल कृषि उत्पादन मूल्य (Value=PxQ) मा रहेको आर्थिक महत्त्वका आधारमा निर्धारण गरिएको र आवधिक रूपमा अद्यावधिक हुने।
- सूत्र: भारित (Weighted) औसत विधि प्रयोग गरी लास्पेरेस (Laspeyres) प्रकारको सूचकाङ्क गणना गरिन्छ।
- त्रैमासिक परिभाषा: चौथो त्रैमासिक = बैशाख–जेठ–असार
- तथ्याङ्क स्रोत: अगुवा कृषकहरुसँग प्रत्यक्ष मूल्य सङ्कलन (Primary Price Collection)।

## ३. मुख्य निष्कर्षहरू

आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा समग्र कृषि उत्पादक मूल्य सूचकाङ्क **187.43** विन्दु कायम भएको छ, जुन गत वर्षको सोही अवधि (183.69) भन्दा **2.04 प्रतिशत** बढी हो। तलको तालिकाले सबै १२ वस्तु-समूहको तुलनात्मक अवस्था देखाउँछ:

*तालिका १: समूहगत सूचकाङ्क — आ.व. २०८१/८२ र २०८२/८३ (चौथो त्रैमासिक) को तुलना*

| क्र.सं. | वस्तु-समूह | भार (%) | २०८१/८२ (Q4) | २०८२/८३* (Q4) | वृद्धि (%) |
|---|---|---|---|---|---|
| **—** | **समग्र सूचकाङ्क (Overall APPI)** | **100.00** | **183.69** | **187.43** | **+2.04%** |
| 1 | अन्न बाली (Cereal Crops) | 34.90 | 194.99 | 199.79 | **+2.46%** |
| 2 | कन्दमूल बाली (Root Crops) | 19.34 | 160.45 | 161.44 | **+0.62%** |
| 3 | कोसे/दाल बाली (Pulses) | 3.11 | 178.73 | 181.76 | **+1.70%** |

| क्र.सं. | वस्तु-समूह | भार (%) | २०८१/८२ (Q4) | २०८२/८३* (Q4) | वृद्धि (%) |
|---|---|---|---|---|---|
| 4 | फलफूल बाली (Fruit Crops) | 3.84 | 197.23 | 211.15 | **+7.06%** |
| 5 | तरकारी बाली (Vegetable Crops) | 10.04 | 175.22 | 178.81 | **+2.05%** |
| 6 | मसला बाली (Spices) | 2.74 | 166.75 | 169.27 | **+1.51%** |
| 7 | अन्य बाली (Other Crops - चिया) | 0.003 | 228.98 | 212.70 | **-7.11%** |
| 8 | पशु (पशुधन - Quadrupeds) | 9.76 | 192.96 | 197.02 | **+2.11%** |
| 9 | पन्छी (Poultry - ब्रोइलर) | 1.64 | 145.27 | 145.41 | **+0.10%** |
| 10 | माछा (Fish) | 0.85 | 192.89 | 195.47 | **+1.34%** |
| 11 | दूध (Milk) | 12.26 | 191.71 | 194.45 | **+1.43%** |
| 12 | अण्डा (Egg) | 1.52 | 194.19 | 198.34 | **+2.14%** |

## ३.१ प्रमुख निष्कर्षहरू संक्षेपमा

- **सबैभन्दा बढी वृद्धि:** फलफूल बाली समूह +7.06% (केरा +13.31%, लिची +8.16%, आँप +3.80%)।
- **सबैभन्दा बढी गिरावट:** चिया (हरियो पत्ती) −7.11%, तर भार अत्यन्त न्यून (0.003%) भएकाले समग्र सूचकाङ्कमा प्रभाव नगण्य।
- **सबैभन्दा ठूलो भार भएको समूह:** अन्न बाली (34.9%), +2.46% वृद्धि — गहुँले नेतृत्व गरेको।
- **झन्डै स्थिर मूल्य:** कन्दमूल/आलु (19.34% भार) +0.62% मात्र — दोस्रो ठूलो भार भएको वस्तु व्यावहारिक रूपमा स्थिर।
- **उपभोक्ता-सान्दर्भिक वस्तु प्याज:** −0.18% (हल्का गिरावट), जसले उपभोक्तालाई अल्पकालीन राहत दिन सक्छ।
- **पशुजन्य समूहमा स्थिरता:** दूध, अण्डा, माछा, मासु सबैमा 1–2.5% को मध्यम एवं स्थिर वृद्धि, ब्रोइलर कुखुरा लगभग जस्ताको तस्तै (+0.10%)।

# ४. समूहगत विस्तृत विश्लेषण

## ४.१ अन्न बाली (Cereal Crops) — भार 34.9%

नेपालको कृषि उत्पादक मूल्य सूचकाङ्कमा सबैभन्दा ठूलो भार ओगट्ने अन्न बाली समूहको सूचकाङ्क 194.99 बाट 199.79 पुगी **+2.46%** ले वृद्धि भएको छ। यसमा **गहुँ** (भार 22.55%) ले +2.82% वृद्धिसहित प्रमुख भूमिका खेलेको छ भने **धान** (भार 12.03%) मा वृद्धिदर तुलनात्मक रूपमा कम (+1.53%) रहेको छ, जसले धानको आपूर्तिमा भएको वृध्दिलाई संकेत गर्छ। **जौ/उवा** मा सबैभन्दा उच्च दर (+6.23%) मा वृद्धि भए तापनि यसको भार अत्यन्त सानो (0.32%) रहेकाले समग्र समूहमा यसको प्रभाव सीमित छ।

## ४.२ कन्दमूल बाली (Root Crops) — भार 19.34%

यो समूहमा प्रतिनिधित्व गर्ने **आलु** को सूचकाङ्क 160.45 बाट 161.44 मा पुगी **+0.62%** ले सामान्य वृद्धि भएको छ। दोस्रो सबैभन्दा ठूलो भार बोकेको यो वस्तुको मूल्य झन्डै स्थिर रहनुले समग्र सूचकाङ्कको वृद्धिदरलाई रोकेको देखिन्छ । यदि आलुको मूल्य पनि औसत दरमा वृध्दि भएको भए समग्र सूचकाङ्कको वृद्धिदर हालको भन्दा उच्च हुनसक्थ्यो।

## ४.३ कोसे/दाल बाली (Pulses) — भार 3.11%

दाल समूह +1.70% ले बढेको छ। **केराउ** (+2.08%) र **मुसुरो** (+1.70%) मा तुलनात्मक राम्रो वृद्धि देखिन्छ भने **चना** मा सबैभन्दा कम (+1.29%) वृद्धि भएको छ।

## ४.४ फलफूल बाली (Fruit Crops) — भार 3.84%

यस त्रैमासिकको सबैभन्दा उल्लेखनीय प्रवृत्ति फलफूल समूहमा देखिएको छ, जसको सूचकाङ्क **+7.06%** ले बढेको छ । सबै समूहमध्ये सर्वाधिक **केरा** को मूल्य एक वर्षमै **13.31%** ले उछालिएको छ, जुन सम्पूर्ण सूचकाङ्कमा समावेश प्रमुख वस्तुहरूमध्ये सबैभन्दा उच्च वृद्धिदर हो। **लिची** (+8.16%) र **आँप** (+3.80%) मा पनि राम्रो वृद्धि भएको छ। यसको ठीक विपरीत, **कागती** को मूल्य भने −0.98% ले घटेको छ, जुन यस समूहमा गिरावट भएको एकमात्र वस्तु हो।

## ४.५ तरकारी बाली (Vegetable Crops) — भार 10.04%

तरकारी समूह +2.05% ले बढेको छ, जुन समग्र सूचकाङ्कको वृद्धिदर (2.04%) सँग लगभग मेल खान्छ। यस समूहभित्र भने वस्तुगत रूपमा ठूलो भिन्नता छ — **भिँडी/रामतोरियाँ** (+6.37%), **इस्कुस** (+5.47%) र **रायो** (+4.13%) मा उच्च वृद्धि भएको छ भने **भिँडेखुर्सानी** (−2.84%) र **बोडी** (−1.08%) मा मूल्य घटेको छ। यसले मौसमी आपूर्ति र स्थानीय उत्पादन चक्रको प्रभाव प्रतिबिम्बित गर्छ।

## ४.६ मसला बाली (Spices) — भार 2.74%

मसला समूह +1.51% ले बढेको छ। **खुर्सानी** (+3.51%) र **लसुन** (+1.78%) मा वृद्धि भएको छ भने उपभोक्ताका लागि अत्यन्त संवेदनशील मानिने **प्याज** को मूल्य भने लगभग स्थिर (−0.18%) रहेको छ । यो उपभोक्ताका लागि सकारात्मक संकेत हो।

## ४.७ अन्य बाली — चिया (Other Crops) — भार 0.003%

चिया (हरियो पत्ती) को सूचकाङ्कमा यस त्रैमासिककै सबैभन्दा ठूलो गिरावट (**−7.11%)** देखिएको छ। तर यस वस्तुको समग्र सूचकाङ्कमा भार अत्यन्त न्यून (0.003%) रहेकाले यसले राष्ट्रिय स्तरको समग्र प्रवृत्तिमा तात्त्विक असर पारेको छैन। यद्यपि यो चिया उत्पादक क्षेत्र (झापा, इलाम लगायत) का कृषकहरूका लागि महत्त्वपूर्ण संकेत हो र थप अनुसन्धान आवश्यक देखिन्छ।

## ४.८ पशु — पशुधन (Livestock, Quadrupeds) — भार 9.76%

पशुधन समूह +2.11% ले बढेको छ। **राँगा** (मासुका लागि, +3.32%) मा सबैभन्दा उच्च वृद्धि भएको छ भने त्यसपछि **सुँगुर/बङ्गुर** को मूल्यमा +2.56% ले वृध्दि देखिएको छ। **खसी/बोका** (भार 4.51% — यस समूहकै दोस्रो ठूलो भार) मा भने वृद्धिदर सबैभन्दा कम (+0.77%) रहेको छ, जसले खसीबोका आपूर्ति स्थिर रहेको संकेत गर्छ।

## ४.९ पन्छी — ब्रोइलर कुखुरा (Poultry) — भार 1.64%

ब्रोइलर कुखुराको मूल्य लगभग जस्ताको तस्तै (+0.10%) रहेको छ, जुन सम्पूर्ण सूचकाङ्कमा समावेश वस्तुहरूमध्ये सबैभन्दा कम वृद्धिदर हो। यसले व्यावसायिक कुखुरापालन उद्योगमा स्थिर उत्पादन लागत तथा आपूर्ति दर्साउँछ।

## ४.१० माछा (Fish) — भार 0.85%

माछाको सूचकाङ्क +1.34% ले बढेको छ, जुन समग्र सूचकाङ्कको वृद्धिदरभन्दा हल्का कम हो।

## ४.११ दूध (Milk) — भार 12.26%

तेस्रो ठूलो भार बोकेको दूध समूह +1.43% ले बढेको छ। **भैँसी** को दूध (भार 9.09% — यस समूहको प्रमुख अंश) +1.33% ले बढेको छ भने **गाई/चौँरीगाई** को दूध +1.73% ले।

## ४.१२ अण्डा (Egg) — भार 1.52%

अण्डाको मूल्य +2.14% ले बढेको छ, जुन समग्र सूचकाङ्कको वृद्धिदरभन्दा अलि माथि हो।

## ५. दीर्घकालीन प्रवृत्ति (आ.व. २०७०/७१ – २०८२/८३, चौथो त्रैमासिक)

तल प्रस्तुत तालिकाले विगत १३ वर्षको चौथो त्रैमासिकको समग्र सूचकाङ्क र वार्षिक वृद्धिदरको प्रवृत्ति देखाउँछ। आ.व. २०७६/७७ देखि २०७९/८० सम्म वार्षिक वृद्धिदर निरन्तर 5 देखि 10 प्रतिशतको दायरामा रहेकोमा हालका वर्षहरूमा यो क्रमशः मत्थर हुँदै गई चौथो त्रैमासिकमा 2.04 प्रतिशतमा झरेको छ  जुन विगत आठ वर्षकै न्यून तह हो ।

*तालिका २: समग्र APPI सूचकाङ्क र वार्षिक वृद्धिदर, चौथो त्रैमासिक (आधार वर्ष २०६९/७० = १००)*

| आ.व. (त्रैमासिक ४) | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|---|---|
| **सूचकाङ्क** | 110.47 | 110.40 | 118.04 | 117.18 | 122.55 | 128.26 | 137.53 |
| **वृद्धि (%)** | — | **-0.06%** | **+6.92%** | **-0.73%** | **+4.58%** | **+4.66%** | **+7.23%** |

| आ.व. (त्रैमासिक ४) | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* |
|---|---|---|---|---|---|---|
| **सूचकाङ्क** | 151.63 | 160.31 | 169.33 | 178.24 | 183.69 | 187.43 |
| **वृद्धि (%)** | **+10.25%** | **+5.72%** | **+5.63%** | **+5.26%** | **+3.06%** | **+2.04%** |

आ.व. २०७३/७४ मा मात्र यसअघि ऋणात्मक/नगण्य वृद्धि (−0.73%) देखिएको थियो भने त्यसयता हालको त्रैमासिकको 2.04% नै सबैभन्दा कम वार्षिक वृद्धिदर हो।

## ६. नीतिगत सान्दर्भिकता

- **खाद्य मुद्रास्फीति व्यवस्थापन:** फार्म-गेट मूल्यवृद्धि दर घट्नु समग्र खाद्य आपूर्ति शृंखलामा मूल्य दबाब कम भएको संकेत हो जसले उपभोक्ता मूल्य सूचकाङ्क (CPI) मा समेत सकारात्मक प्रभाव पार्न सक्छ।
- **कृषक आम्दानी जोखिम:** ठूलो भार भएका अन्न (विशेषतः धान) र आलुमा मूल्यवृद्धि न्यून रहनु कृषकको नगद आम्दानीमा दबाब पर्न सक्ने देखाउँछ।  उत्पादन लागत (मल, इन्धन, ज्याला) सँग तुलना गरी वास्तविक आम्दानी विश्लेषण आवश्यक देखिन्छ।
- **फलफूल क्षेत्र प्रवर्द्धन:** केरा र लिचीमा देखिएको उच्च मूल्यवृद्धिले यी बालीमा कृषकका लागि थप आकर्षक प्रतिफलको सम्भावना देखाउँछ। यसको लागि भण्डारण, बजारीकरण र मूल्य शृंखला सुदृढीकरणमा नीतिगत ध्यान दिनु पर्ने हुन सक्छ ।
- **चिया क्षेत्र अनुगमन:** चिया मूल्यमा देखिएको ठूलो गिरावटको कारण (आन्तरिक/बाह्य बजार, निर्यात, गुणस्तर) पहिचान गर्न विस्तृत क्षेत्रगत अध्ययन आवश्यक देखिन्छ।
- **तथ्याङ्क प्रयोगकर्तालाई सुझाव:** APPI लाई सधैं CPI र कृषि उत्पादन परिमाण तथ्याङ्कसँग सँगै विश्लेषण गर्दा मात्र समग्र चित्र स्पष्ट हुने हुनाले एकल सूचकाङ्कको आधारमा मात्र निष्कर्ष लिनु उपयुक्त नहुन हुन्छ।

## ७. सीमा, सावधानी र तथ्याङ्क गुणस्तर

- यस प्रतिवेदनमा प्रस्तुत आ.व. २०८२/८३ को तथ्याङ्क प्रारम्भिक (Preliminary) हो। थप मूल्य तथ्याङ्क प्राप्त भएपश्चात्  सामान्य संशोधन (Revision) हुन सक्छन्।
- सूचकाङ्क राष्ट्रिय औसत भएकोले स्थानीय तह वा जिल्लागत मूल्य भिन्नता यसमा सोझै प्रतिबिम्बित नहुन सक्छ।

- भारांक आवधिक रूपमा मात्र अद्यावधिक गरिने भएकाले अत्यन्त छोटो अवधिमा उत्पादन संरचनामा आएको ठूलो परिवर्तन तत्काल प्रतिबिम्बित नहुन सक्छ।
- अत्यन्त न्यून भार भएका वस्तु (जस्तै चिया, 0.003%) मा देखिने ठूलो प्रतिशत उतारचढावले समग्र सूचकाङ्कमा तात्त्विक प्रभाव नपार्ने हुनाले यस्ता आँकडालाई सापेक्षिक सन्दर्भमा हेर्नुपर्छ।

# अनुसूची: वस्तुगत विस्तृत तथ्याङ्क

| क्र.सं. | वस्तु | NSAC | भार (%) | २०८१/८२ | २०८२/८३* | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| **1** | **अन्न बाली (समूह)** | - | 34.9 | 194.99 | 199.79 | **+2.46%** |
| 1.01 | गहुँ | 1112 | 22.55 | 204.14 | 209.9 | **+2.82%** |
| 1.02 | धान | 1132 | 12.03 | 176.64 | 179.34 | **+1.53%** |
| 1.03 | जौ/उवा | 1152 | 0.32 | 240.28 | 255.25 | **+6.23%** |
| **2** | **कन्दमूल बाली (समूह)** | - | 19.34 | 160.45 | 161.44 | **+0.62%** |
| 2.01 | आलु | 1510 | 19.34 | 160.45 | 161.44 | **+0.62%** |
| **3** | **कोसे/दाल बाली (समूह)** | - | 3.11 | 178.73 | 181.76 | **+1.70%** |
| 3.01 | चना | 1702 | 0.13 | 176.78 | 179.06 | **+1.29%** |
| 3.02 | मुसुरो | 1704 | 2.87 | 178.09 | 181.11 | **+1.70%** |
| 3.03 | केराउ | 1705 | 0.1 | 199.02 | 203.15 | **+2.08%** |
| **4** | **फलफूल बाली (समूह)** | - | 3.84 | 197.23 | 211.15 | **+7.06%** |
| 4.01 | केरा | 1312 | 0.7 | 217.54 | 246.49 | **+13.31%** |
| 4.02 | आँप | 1316 | 1.89 | 183.2 | 190.16 | **+3.80%** |
| 4.03 | लिची | 1319 | 1.21 | 203.59 | 220.2 | **+8.16%** |
| 4.04 | कागती | 1322 | 0.04 | 321.89 | 318.74 | **-0.98%** |
| **5** | **तरकारी बाली (समूह)** | - | 10.04 | 175.22 | 178.81 | **+2.05%** |
| 5.01 | बन्दागोभी/पातगोभी | 1212 | 1.44 | 191.93 | 196.8 | **+2.54%** |
| 5.02 | रायो | 1219 | 0.58 | 197.44 | 205.59 | **+4.13%** |
| 5.03 | खरबुजा/तरबुजा | 1221 | 0.11 | 210.84 | 214.78 | **+1.87%** |
| 5.04 | भिँडेखुर्सानी | 1231 | 0.3 | 173.14 | 168.22 | **-2.84%** |
| 5.05 | काँक्रो | 1232 | 0.51 | 173.44 | 175.43 | **+1.15%** |
| 5.06 | भन्टा/भिँडा | 1233 | 0.97 | 174.15 | 174.68 | **+0.31%** |
| 5.07 | गोलभेँडा/टमाटर | 1234 | 1.63 | 174.55 | 177.07 | **+1.44%** |
| 5.08 | करेलो | 1235 | 0.72 | 159.54 | 159.83 | **+0.18%** |
| 5.09 | फर्सी | 1235 | 0.42 | 184.42 | 187.67 | **+1.76%** |

| क्र.सं. | वस्तु | NSAC | भार (%) | २०८१/८२ | २०८२/८३* | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| 5.10 | लौका | 1235 | 0.49 | 185.32 | 189.25 | **+2.12%** |
| 5.11 | परबर | 1235 | 0.59 | 159.25 | 160.25 | **+0.63%** |
| 5.12 | भिँडी/रामतोरियाँ | 1239 | 0.97 | 148.88 | 158.37 | **+6.37%** |
| 5.13 | इस्कुस | 1239 | 0.09 | 173.44 | 182.92 | **+5.47%** |
| 5.14 | बोडी | 1249 | 0.12 | 178.22 | 176.3 | **-1.08%** |
| 5.15 | मूला | 1251 | 1.08 | 175.23 | 180.5 | **+3.01%** |
| **6** | **मसला बाली (समूह)** | - | 2.74 | 166.75 | 169.27 | **+1.51%** |
| 6.01 | लसुन | 1252 | 0.45 | 222.15 | 226.1 | **+1.78%** |
| 6.02 | खुर्सानी | 1252 | 1.2 | 129.88 | 134.43 | **+3.51%** |
| 6.03 | प्याज | 1253 | 1.09 | 184.54 | 184.21 | **-0.18%** |
| **7** | **अन्य बाली (समूह)** | - | 0.003 | 228.98 | 212.7 | **-7.11%** |
| 7.01 | चिया (हरियो पत्ती) | 1620 | 0.003 | 228.98 | 212.7 | **-7.11%** |
| **8** | **पशु (समूह)** | - | 9.76 | 192.96 | 197.02 | **+2.11%** |
| 8.01 | राँगा | 2112 | 4.67 | 194.84 | 201.31 | **+3.32%** |
| 8.02 | खसी/बोका | 2123 | 4.51 | 191.13 | 192.59 | **+0.77%** |
| 8.03 | सुँगुर/बङ्गुर | 2140 | 0.58 | 192.01 | 196.91 | **+2.56%** |
| **9** | **पन्छी (समूह)** | - | 1.64 | 145.27 | 145.41 | **+0.10%** |
| 9.01 | कुखुरा उन्नत (ब्रोइलर) | 2151 | 1.64 | 145.27 | 145.41 | **+0.10%** |
| **10** | **माछा (समूह)** | - | 0.85 | 192.89 | 195.47 | **+1.34%** |
| 10.01 | माछा | 4119 | 0.85 | 192.89 | 195.47 | **+1.34%** |
| **11** | **दूध (समूह)** | - | 12.26 | 191.71 | 194.45 | **+1.43%** |
| 11.01 | गाई/चौंरीगाई | 2211 | 3.17 | 180.02 | 183.14 | **+1.73%** |
| 11.02 | भैंसी | 2212 | 9.09 | 195.79 | 198.39 | **+1.33%** |
| **12** | **अण्डा (समूह)** | - | 1.52 | 194.19 | 198.34 | **+2.14%** |
| 12.01 | कुखुरा उन्नत (लेयर्स) | 2310 | 1.52 | 194.19 | 198.34 | **+2.14%** |

# सम्पर्क

**राष्ट्रिय तथ्याङ्क कार्यालय, रामशाहपथ, काठमाडौ ।**

मूल्य तथ्याङ्क शाखा | राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा

वेबसाइट: www.nsonepal.gov.np | इमेल: price@nsonepal.gov.np

*यस प्रतिवेदनमा रहेका तथ्याङ्कहरु सर्वसाधारण, सञ्चारकर्मी तथा अनुसन्धानकर्ताको स्वतन्त्र प्रयोगका लागि खुला छ। तथ्याङ्क उद्धृत गर्दा 'स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि उत्पादक मूल्य सूचकाङ्क, आ.व. २०८२/८३ चौथो त्रैमासिक (प्रारम्भिक)' उल्लेख गर्नुहोला।*